निफमा तीन नेपाली चलचित्र

■ सौर्य समाचार

काठमाडौं । नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ) २०२१ मा यस वर्ष तीनवटा नेपाली चलचित्रले नेपाली फिचर फिल्म प्रतिस्पर्धामा अन्तर्गत भाग लिने भएका छन् । आयोजक नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानका अध्यक्ष केपी पाठकले महोत्सवका लागि नेपाली चलचित्र लाटो कोसेरो, सरिता ११ वर्ष र आमा खाण्डो फिचर फिल्म प्रतिस्पर्धाको लागि छानिएको जानकारी दिए ।उनले महोत्सवका लागि विश्वका विभिन्न ५२ देशबाट ४ सय ५० चलचित्र प्राप्त भएको बताए । आन्तरिक छनोट समितिले दिएको नम्बरको आधारमा उच्च नम्बर पाउने चलचित्रमध्येबाट ३१ देशका ६३ चलचित्रलाई महोत्सवमा प्रतिस्पर्धाको लागि पहिले नै छनोट गरिएको थियो । आयोजकका अनुसार नेपाली प्रतिस्पर्धाअन्तर्गत फिचर फिल्म छनोट गर्न बाँकी राखिएको थियो अब भने निफमा ६६ फिल्म देखाइने छ । तीन नेपाली चलचित्रमध्येबाट एक चलचित्रले नेपाली फिचर फिल्म प्रतिस्पर्धा अन्तर्गत उत्कृष्ट चलचित्रको एक लाख नगद पुरस्कारसहितको ट्रफी, उत्कृष्ट निर्देशक, लेखक, छायाँकार, अभिनेता र अभिनेत्री ट्रफी पाउने छन् ।

'विश्वका कथाहरुको उत्सव' भन्ने नाराका साथ ' फिल्म संस्कृति' को विकास गर्ने उद्देश्यसहित सुरु भएको फेस्टिभलमा यो वर्ष महामारीको विषयमा बनेका चलचित्रलाई अलग्गै क्याटगोरीमा प्रतिस्पर्धा गराइ अवार्ड पनि वितरण गरिने आयोजकको भनाई छ । कोरोनाले पारेको प्रभावमा बनेका यस्ता चलचित्रले ५ सय अमेरिकी डलर तथा ट्रफी प्राप्त गर्नेछन् । अन्तर्राष्ट्रिय प्रतिस्पर्धाअन्तर्गत सर्वोत्कृष्ट फिचर फिल्मलाई १५ सय अमेरिकी डलर राशिसहित गौतम बुद्ध अवार्ड प्रदान गरिने आयोजकले जनाएको छ ।

यसैगरी, सर्वोत्कृष्ट वृत्तचित्रलाई १ हजार डलर राशिको माउन्ट एभरेष्ट अवार्ड, सर्वोत्कृष्ट एनिमेटेड चलचित्रलाई ७५० डलरको मञ्जुश्री अवार्ड, सर्वोत्कृष्ट लघुचलचित्रलाई ५ सय डलर राशिको वाग्मती अवार्ड यथावत् रुपमा प्रदान गरिनेछ । महोत्सव २०७८ बैशाख २३ देखि २७ सम्म काठमाडौंमा आयोजना हुँदैछ ।

'के साह्रो राम्री चोलीमा' सार्वजनिक

■ सौर्य समाचार

काठमाडौं । नयाँ वर्षको अवसर पारेर गायिका मिना राई र गायक आङगेलु शेर्पाको आवाज रहेको 'के साह्रो राम्री चोलीमा' बोलको गीत सार्वजनिक भएको छ । गायिका मिनाको शब्द तथा संगीत रहेको गीतमा अभिनेत्री केकी अधिकारी, उमेश राई 'फुलन्देकी आमा' लगायतका कलाकारको अभिनय छ ।

सार्वजनिक गीतको भिडियोको निर्देशन अनिल कोय राईको रहेको छ । भिडियोमा सुरेन्द्र बसेलको कोरियोग्राफी, राजु कार्कीको एरेञ्जर, अमृत चापागाईको सम्पादन, दिनेश पराजुलीको छायांकन रहेको छ । पुर्वेली मारुनी सेलो भाकामा आधारित रहेकोले यसलाई दर्शकस्रोताले आफ्नो अघिल्ला सिर्जनालाई जस्तै मनपराइदिनेमा आफू विश्वस्तर रहेको गायिका मिनाले बताइन् ।

'प्रेम गीत ३' हिन्दीमा

■ सौर्य समाचार

काठमाडौं । छेतेन गुरुङ र मन्दिप गौतमको लेखेको चलचित्र 'प्रेम गीत ३' नेपालसँगै भारतमा प्रदर्शन हुने भएको छ । निर्माण पक्षले यस चलचित्रलाई एकसाथ हिन्दी र नेपाली भाषामा डबिङ गराएको छ । हिन्दीमा डबिङ बाहुबलीका कलाकारको गरेको निर्देशक सन्तोष सेनले जानकारी दिए । उनले चलचित्रको हिन्दीमा डबिङ सकिएको सुनाउँदै अन्य भाषामा पनि रिलिजको तयारीमा आफूहरु लागेको बताए । उनले भने, 'डबिङको क्रममा बलिउड कलाकारले फिल्मको प्रशंसासमेत गरेका छन् । यसले हामीलाई निकै उत्साहित बनाएको छ ।' निर्देशक सेनले भारतीय कलाकारले चलचित्रको कथानुसार लोकेसन र कलाकारको अभिनयले ' प्रेम गीत ३' सफल हुने दावी समेत गरेको जिकिर गरे । चलचित्रमा दुई सय वर्षअघिको प्रेमकहानीलाई उतारेको निर्माण पक्षले जनाएको छ । चलचित्रलाई स्वर्गीय छेतन गुरुङ र सन्तोष सेनले संयुक्तरुपमा निर्देशन गरेका

छन् । चलचित्रका निर्माता सन्तोष सेन र सहनिर्माता कुमार सान शाह र ओएसआर डिजिटल रहेका छन् । चलचित्रमा अभिनेता प्रदीप खड्का, अभिनेत्री कृष्टिना गुरुङ, सुनिल थापा, शिव श्रेष्ठ, सन्तोष सेन, माओत्से गुरुङ, प्रेम पुरी, नवनायक मनिष रावत, अनुभव रेग्मी, सुजल बस्नेत, संवृद्धि शाही ठकुरी, योगिसा खत्री, लक्ष्मी बर्देवा, क्रिजल गौतम लगायतका कलाकारको अभिनय छ । कोरोना कहर कम भएपछि चलचित्र प्रदर्शनमा आउने निर्माण पक्षले जनाएको छ ।

अर्याललाई 'उत्तम शान्ति पुरस्कार'

■ सौर्य समाचार

काठमाडौं । नियात्राकार सरिता अर्यालको 'मेरो अपहरण' पुस्तकलाई २०७६ सालको 'उत्तम शान्ति पुरस्कार' प्रदान गरिने भएको छ । उत्तम कुँवर स्मारक पुरस्कार गुठीले ताम्रपत्र र एक लाख राशिको उक्त पुरस्कार नियात्रा साहित्यको विकास र विस्तारमा महत्वपूर्ण भूमिका खेलेकी नियात्राकार अर्याललाई प्रदान गर्ने भएको हो ।

गुठीले २०४४ सालदेखि गैरआख्यान गद्य विधामा रचना गरिएका उत्कृष्ट नेपाली कृतिलाई उत्तम शान्ति पुरस्कारबाट सम्मानित गर्दै

आएको छ । ताम्रपत्र र नगद दिइने उक्त पुरस्कार २०७८ साल १२ जेठमा प्रदान गरिने छ ।

रागात्मक मानवीय अनुभूतिलाई चुस्त शैलीमा अभिव्यक्त गरिएकाले 'मेरो अपहरण' कृतिलाई पुरस्कृत गर्ने निर्णय गरिएको गुठीका सदस्य-सचिव ठाकुर पराजुलीले जानकारी दिए । उनले नियात्रा फाँटमा मानवीय अनुभूतिलाई मार्मिक पीडाको उत्खनन् गरी सन्त्रास एवं संघर्षको गहिराई तथा जीवनप्रतिका विश्वासलाई कलात्मक उचाइका साथ प्रतिविम्बन गर्दै नेपाली नियात्रा साहित्यको विकासमा विशिष्ट योगदान गरेबापत उक्त पुरस्कार प्रदान गर्न लागिएको बताए । पराजुलीले गुठीले २०४४ सालदेखि नै गैरआख्यान गद्य विधामा रचना गरिएका उत्कृष्ट नेपाली कृतिलाई उत्तम शान्ति पुरस्कारद्वारा सम्मानित गर्दै आएको जनाए ।

अम्याङ्साका तीन कृति विमोचन

■ सौर्य समाचार

झापा । साहित्यकार मुसाहाङ् अम्याङ्साको एक पटक तीनवटा साहित्यिक कृति सार्वजनिक गरिएको छ । दमक प्रज्ञा प्रतिष्ठानका अध्यक्ष हेमनाथ अधिकारीको प्रमुख आतिथ्यतामा सञ्चारकर्मीसमेत रहेका स्रष्टा अम्याङ्साको विराशतको जोखना (गजल संग्रह २०७७), रेष्टुराँको सटरभित्र (रुबाइ संग्रह २०७७) र रैथाने (हाइकु संग्रह २०७७) को विमोचन गरिएको हो ।

याक्थुङ् साहित्य प्रतिष्ठानको आयोजनामा भएको कार्यक्रममा गजलकार विवश बलिभद्र कोइरालाले विराशतको जोखना गजल संग्रह, फरक आयाम अभियान्ता साङ्सेन पञ्धाकले रेष्टुराँको सटरभित्र र दमक प्रज्ञा प्रतिष्ठानका सचिव विष्णु न्यौपानेले रैथाने हाइकु संग्रह माथि समीक्षा टिप्पणी गरे । भाषिक आन्दोलनका अभियान्ता अम्याङ्सा नाम्गेत लिम्बूवान र पोक्लाबाङ् पत्रिकाको प्रकाशक/प्रधानसम्पादक पनि हुन् । डेढदशकदेखि नेपाली तथा लिम्बू साहित्यमा सक्रिय अम्याङ्साका यसअघि संक्षिप्त किराँत इतिहास तथा आथरेहाङ् मुसाहाङ् लिम्बू वंशावली दस्तावेज र मुक्त (हाइकु संग्रह) २०७७ प्रकाशित छन् ।

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल |

बोलपत्र प्रकाशित सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/०१/०२

यस धनगढी उप- महानगरपालिका नगर कार्यपालिका कार्यालयको आ. व. २०७७/०७८ अन्तर्गत तपसिल बमोजिमको कार्यको बोलपत्र सम्बन्धि प्रकाशित सुचनाको बिस्तृत विवरण यस कार्यालयको वेबसाइट http://www.dhangadhimun.gov.np र http://www.bolpatra.gov.np/egp मा राखिएको व्यहोरा अनुरोध छ |

S.N.	Contract Identification Number	Description of Work	Total Project Cost Excluding VAT (NRs)	Bid Security (NRs)	Bid Document Price (NRs)	Remarks
1	27/DSMC/ 2077/078	Construction of Blacktop Road with Side Drain Ward No. 04 (From Ward office to West Side)	20,88,630.50	60,000/-	3000/-	Hard Copy Not Acceptable
2	28/DSMC/ 2077/078	Construction of Jakhour Baba Temple at Ward No. 07	21,22,142.68	60,000/-	3000/-	Hard Copy Not Acceptable

प्रमुख प्रशासकीय अधिकृत

Sinja Rural Municipality
Office of the Rural municipal Executive,
Jumla, Karnali province, Nepal

Invitation for E-Bid

Date of publication: (15/04/2021)

1. The office of the Sinja Rural Municipality, Jumla invited e- bid from registered contractors for the following Jiparka RCC Bridge Construction Work as shown in table below.
2. Eligible Bidders may obtain further informational and inspect the biding documents at the office the **Sinja Rural Municipality, Jumla**. Phone No 9849426680
3. Electronic bids must be submitted to the office through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 16-05-2021/12:00. Bid received after this date will be rejected. Payment of a non-refundable fee of as shown in table below for each bid.
   Bank Name: Nepal Bangladesh,Sinja Branch, jumla
   Rajaswo Khata No: 0510000241
   Name of office: Office of Sinja Rural Municipality, Jumla
4. Last Date of Bid Document Purchase will be as shown in table below.
5. Pre-Bid meeting shall be held at 07/05/2021, 10:00 AM at office of the **Sinja Rural Municipality, Jumla.**
6. Bids must be submitted to the above office the Sinja Rural Municipality, Jumla on or before the specified date and time as shown in table below. Documents received after thus deadline shall not be accepted.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at the specified date and time as shown in table below at the Office of The Sinja Rural Municipality Jumla. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of as shown in table below, Which shall be valid for 30 days beyond the validity period of the bid (120 days).
8. If bidder wishes to submit the bid Security in the form of cash, the cash should be deposited in bid security Account:
   Bank Name: Nepal Bangladesh, Sinja Branch, Jumla
   Deposit Account No: 0510000841
   Name of office: Office of Sinja Rural Municipality Jumla and submit the receipt of the deposited amount of cash along with the bid.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. Bidders are advised to visit site and assess the actual sit conditions before submitting their bid.
11. Any provisions which are not mentioned in this notice will be consistent with public procurement Act (PPA) 2063/ Public procurement Regulation (PPR), 2064 and other prevailing Nepalese Laws.

Details of works

S.N.	Contract Identification No.	Brief Description of Work/Site	Estimated Amount (Rs) including VAT	Bid Security Amount (Rs)	Deadline for Bid document purchasing date and time	Deadline for Bid submission date and time	Bid Opening Date and Time	Bid document Amount (Rs)
1	SRM/NCB/WORKS/02/2077/78	Procurement of Jiparka RCC Bridge Construction work , Sinja-1,Jumla	14,327,487.99	360000	14/05/2021 17:00 Hrs To up to submission date & time	16/05/2021 12:00 Hrs	16/05/2021 14:00 Hrs	3000.00

Chief Administrative Officer